आर्थिक वर्ष २०८०।८१ को

# वार्षिक नीति तथा कार्यक्रम

## काठमाडौं महानगरपालिका

६ असार, २०८० राष्ट्रिय सभागृह

काठमाडौँ महानगरपालिका
आर्थिक वर्ष २०८०/८१ को
नीति तथा कार्यक्रम
**"सांस्कृतिक सहर, समृद्ध महानगर"**

काठमाडौँ महानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु, काठमाडौँ महानगरपालिकाको नगर सभाको तेह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

काठमाडौँ महानगरपालिका नगर सभाको यस गरिमामय वैठकमा काठमाडौँ महानगरपालिकाको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको एक वर्ष पुरा भएको छ । यस अवधिमा महानगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा महानगरवासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि काठमाडौँ महानगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

एक वर्षे कार्यकालमा काठमाडौँ महानगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्रातिशीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नविन, सिर्जनात्मक र सहरी सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको शुरुवात गरिएको छ । नगर सभा, नगर कार्यपालिका, सचिवालय, विभाग र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ । समितिको क्षेत्राधिकारभित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिबाटै निर्वाह गर्ने अभ्यासलाई शुरुवात गरिएको छ । आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानुन तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र महानगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी शासन प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं । घरबाटै सेवा प्राप्त गर्ने नागरिकको सार्वभौम अधिकारको सम्मान गर्दै सार्वजनिक सम्पत्तिको प्रयोग सार्वजनिक हित र भलाई प्रयोजनमा गर्ने नीतिलाई जोडदार रुपमा अघि बढाएका छौँ ।

मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिष्ट हो । संस्कृतिमा आधारित पर्यटन काठमाडौँको सम्भावनाको पहिलो क्षेत्र हो । सुरक्षित सहरीकरण र सहरी सुव्यवस्था काठमाडौँको लागि अर्को सुधार गर्नुपर्ने प्रमुख क्षेत्र हो । काठमाडौँको फोहर व्यवस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दिगो र वैज्ञानिक व्यवस्थापनका लागि निरन्तर प्रयास गरिरहेका छौँ । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । शिक्षा,

स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम महानगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु।

अव म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु:

१. विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय विषय नेपाल भाषाको पाठ्यक्रम अनुरुप पठनपाठन भैरहेको छ।
२. वडास्तरीय सामुदायिक सिकाई केन्द्र (Community Learning Center) मार्फत अनौपचारिक शिक्षा र सिप विकास प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिएको छ।
३. विद्यालयहरुमा सिकाइको नविन अवधारणा बुक फ्री फ्राइडे सञ्चालनमा ल्याईएको छ। सो अन्तर्गत ८० प्रकारका सिपमूलक कार्यक्रम सञ्चालन भैरहेको छ। ई.सि.ए. (Extra Curriculum Activities) को प्रवर्धन जस्ता कार्यक्रमलाई निरन्तर सञ्चालन गरिएको छ।
४. महानगरपालिकाको पहलमा १२९७० जना विद्यार्थीहरुलाई संस्थागत विद्यालयहरुमा छात्रवृत्ति प्रदान गरिएको छ। हालसम्म ४६५ वटा संस्थागत विद्यालयले छात्रवृत्ति प्रदान गरेको विवरण प्राप्त भएको छ भने अन्य विद्यालयहरुबाट विवरण प्राप्त हुने क्रम जारी छ।
५. सहरी स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालन कार्यविधि जारी गरी सबै वडा कार्यालयमा चिकित्सक सहितको स्वास्थ्य प्रवर्धन केन्द्र सञ्चालन गर्न आवश्यक पूर्वाधार विकासको कार्य गरिएको छ।
६. विपन्न नागरिकहरुको लागि सबै अस्पतालले प्रदान गर्नुपर्ने नि:शुल्क बेड सुबिधा सहितको स्वास्थ्य सेवाको लागि महानगरपालिका क्षेत्रभित्रका अस्पतालहरुसँग समन्वय गरी कार्य थालनी गरिएको छ।
७. काठमाडौं उपत्यकाभित्र चालु आर्थिक वर्षको हालसम्ममा ९१७६ जनालाई निशुल्क एम्बुलेन्सको सेवा उपलब्ध गराईएको छ।
८. Electronic Logisitic Management Information System (ELMIS) प्रणालीलाई स्वास्थ्य सेवासँग आवद्ध गरिएको छ भने Electronic Health Information Recording System (EHIRS) समेतको डिजिटल प्रणालीलाई स्वास्थ्य सेवासँग आवद्धताको शुरुवात गरिएको छ।
९. आफ्नो भवन नभएका वडा नं २, ६, १२ र ३१ नं वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न भै नयाँ भवनवाट सेवा सञ्चालन शुरु भएको छ।
१०. चालु आर्थिक वर्षमा १२३ रोपनी सार्वजनिक जग्गाको संरक्षण, २५ वटा नयाँ पार्कको निर्माण, १७०० वटा स्मार्ट सडकवत्ति जडान, ४२ कि.मी. सडक कालोपत्रे, ७ कि.मी. नयाँ ढल निर्माण, १५०० मीटर फुटपाथ निर्माण, सार्वजनिक शौचालयहरु र सामुदायिक विद्यालय भवनहरु निर्माण तथा मर्मत लगायतका पूर्वाधार विकासका कार्यहरु सम्पन्न भएको छ।
११. पैदलयात्रीहरुको सहज आवागमनका लागि फुटपाथको उपयोग सहज र सरल बनाईएको छ।
१२. नेपाल सरकार तथा विभिन्न संस्थाहरुको सहकार्यमा काठमाडौं महानगरपालिका क्षेत्रभित्रका बिद्युत, टेलिफोन, केवल टेलिभिजन, इन्टरनेट लगायतका ३० ट्रक तार हटाई व्यवस्थित गरिएको छ।
१३. निजी क्षेत्रसँगको सहकार्यमा निजी शौचालयहरुलाई सार्वजनिक प्रयोजनमा पहुँच वृद्धिको लागि शुरुवात गरिएको छ।
१४. नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी महानगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईएको छ।

१५. अमूर्त सम्पदाको संरक्षण र प्रवर्धनमा महानगरपालिकाको योगदानलाई निरन्तरता दिइएको छ। जीवित कुमारी, भैरव, गणेशको संरक्षणको कार्यक्रम तथा परम्परादेखि सञ्चालनमा रहेका जात्रा, पर्ब, गुठी, त्वागुरु तथा बाजागुरु सम्मान कार्यक्रमहरु निरन्तर सञ्चालन गरिएको छ।

१६. सूचना प्रविधीमैत्री सेवा प्रवाह गर्न, ढुंगेधाराहरुको पुनर्जीवनका लागि कार्य गर्न र जमिन मुनिको पानीको पुनर्भरण सम्बन्धी अध्ययनको लागि त्रिभुवन विश्वविद्यालयसँग सहकार्य गर्न समझदारी (MoU) गरिएको छ।

१७. नदी नालामाथि अतिक्रमण गरी बनाइएका अनधिकृत भवन संरचनाहरु हटाइ नदीको बहावक्षेत्र, दायाँ बायाँको सार्वजनिक क्षेत्र संरक्षण गर्नुका साथै नदी करिडोरको विकासमा अग्रसरता लिइएको छ। महानगरको थुप्रै स्थानमा अनधिकृत रुपमा अतिक्रमण गरी निर्मित भवन संरचना हटाइएको छ र हटाउने क्रम निरन्तर जारी रहेको छ।

१८. टुकुचा खोलाको बहाव क्षेत्रलाई खुल्ला गर्न भएको प्रयासबाट नदिको खुला हुन पाउने स्वभाविक, प्राकृतिक र कानूनी अधिकार स्थापित भएको छ। सामाखुशी खोला अतिक्रमण गरी बनेका अनधिकृत संरचनाहरु हटाउने कार्य सञ्चालन भैरहेको छ।

१९. काठमाडौं महानगरपालिका अन्तर्गतका स्वीकृत कार्यक्रमको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको र कार्ययोजनाको प्रगतिका सम्बन्धमा SMT (Senior Management Team) Meeting को अभ्यास गरिएको छ।

२०. महानगरवासीको गुनासोको तत्काल समाधान गर्न कल सेन्टरलाई निरन्तरता दिईएको छ। हालसम्म ३०४०७ जनाले टेलिफोन मार्फत कल गरी २९१० जनाले गुनासो टिपाएकोमा १६५२ जनाको गुनासो सम्बोधन भएको र १२५८ जनाको गुनासो सम्बोधन हुने क्रममा रहेको छ। महानगरपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाव तथा गुनासो व्यवस्थापन गरिएको छ।

२१. लोकसेवा आयोग तथा सुरक्षा निकायहरुको वैकल्पिक सूचीमा रहेका इन्जिनियर र प्रहरीलाई करार सेवामा नियुक्त गरी योग्यता प्रणालीलाई प्रोत्साहित गरिएको छ ।

२२. सार्वजनिक खरिद नियमावली, २०७९ जारी गरी सार्वजनिक खरिद प्रकृयालाई विभाग र वडा तहसम्म विकेन्द्रित गरिएको छ।

२३. काठमाडौं महानगरपालिका र नेपाल ल क्याम्पसबिचको सहकार्यमा महानगरपालिकाबाट प्रवाह हुने सेवामा सेवाग्राहीको सहज पहुँच वृद्धिका लागि इच्छुक सेवाग्राहीलाई सामान्य कानुनी परामर्श सेवा, कानुनी लिखतहरुको मस्यौदा निःशुल्क दिने व्यवस्था वडातहसम्म मिलाइएको छ। चैत्र महिनाबाट शुरु भएको यस सेवाबाट ७६०० भन्दा बढी सेवाग्राहीलाई निःशुल्क कानुनी सेवा प्रदान गरिएको छ।

२४. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिएको छ।

२५. बाह्य विज्ञापन नियमन निर्देशिका जारी गरी वाह्य विज्ञापनलाई प्रतिस्पर्धी, पारदर्शी र व्यवस्थित गर्ने प्रवन्ध गरिएको छ।

२६. राजश्व संकलनलाई सरलीकरण गर्न अनलाइन प्रणाली प्रयोगमा ल्याई कार्यान्वयनको लागि वडास्तरमा अधिकार प्रत्यायोजन गरिएको, करदाता शिक्षालाई व्यापकता दिइएको, घर वहाल व्यवस्था निर्देशिका जारी गरी वहालमा लिने दिने कार्यलाई नियमित र व्यवस्थित गरिएको छ।

२७. महानगरपालिका क्षेत्रभित्र आवासीय प्रयोजनका लागि निर्माण भएका बहुतले भवन (अपार्टमेन्ट) प्रयोग गर्ने करदाताहरुबाट लिइने सम्पत्ती करमा पुनरावलोकन गरिएको छ।

२८. करदाताले प्रत्यक्ष सम्पर्क गरी कुनै जानकारी लिन वा गुनासो गर्नका लागि करदाता सहायता कक्ष सञ्चालन गरिएको छ। यसबाट दैनिक ५० जना भन्दा बढी करदातालाई प्रत्यक्ष तथा टेलिफोन मार्फत कर सम्बन्धी जिज्ञासामा जानकारी दिने गरिएको छ ।

२९. सबै वडा कार्यालयहरुमा स्थापना भै सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी सबै विवादहरु दर्ता गर्ने, बिपक्षी झिकाउने, प्राबिधिकद्वारा स्थलगत निरिक्षण गरी प्रतिबेदन पेश गर्ने, मेलमिलाप प्रकिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट हुने प्रवन्ध गरी न्यायलाई छिटो, छरितो र पहुँचयोग्य वनाइएको छ ।

३०. वडा कार्यालयहरुमा वडा महिला सञ्जाल गठन गरी महिला सशक्तिकरण, लैङ्गिकताका आधारमा हुने हिंसा नियन्त्रण तथा महिलाको वहुपक्षिय क्षमता विकास गर्न महिला सञ्जाललाई क्रियाशिल वनाइएको छ ।

३१. स्थानीय तहको विवाद समाधान गर्ने देशभरिका न्यायिक समितिका पदाधिकारीहरुको सहभागितामा न्यायिक समितिको पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरी न्यायिक समितिको काम कारवाहीलाई प्रभावकारी वनाउन तथा न्याय सम्पादन प्रकृयालाई एकरुपता कायम गर्न विभिन्न पाँच कार्यपत्रमा छलफल गरी ११ वुँदे न्यायिक समिति काठमाडौ घोषणा, २०७९ जारी गरिएको छ ।

३२. अदालत तथा न्यायिक निकायहरुमा कार्यालयको तर्फबाट हुने न्यायिक प्रतिरक्षालाई प्रभावकारी बनाइएको छ, महानगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानुनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिएको छ ।

३३. महानगरपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने बिभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप व्यवस्थित, संस्थागत र उपलब्धिमूलक बनाउन आवश्यक देखिएको हुँदा त्यस्ता कार्यक्रमहरु उपप्रमुख सामाजिक कार्यक्रम अन्तर्गत प्रतिष्पर्धाको माध्यमबाट २०४ सामाजिक संस्थाहरुमध्येबाट ९९ वटा संस्था छनौट गरी कार्य सम्पादन गरिएको छ ।

३४. असहाय, बेवारिस तथा सडक सहयोगापेक्षी मानव उद्धार, उपचार तथा व्यवस्थापनको लागि मानव सेवा आश्रमसँग निरन्तर रुपमा सहकार्य भैरहेको छ । चालु आर्थिक वर्षमा २४५ जनाको उद्दार गरी मानव सेवा प्रदान गरिएको छ ।

३५. गणेशमान सिंह, मनमोहन अधिकारी, साधना प्रधान, मंगलादेबी सिंह र मदन भण्डारी स्मृति प्रतिष्ठानहरु मार्फत विभिन्न सामाजिक उत्थानशीलता प्रवर्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३६. संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका लागि नीतिगत प्रवन्ध गरिएको छ ।

३७. महानगरपालिका १६ वडा वालाजुमा नयाँ वारुणयन्त्र शाखा विस्तार गरी सञ्चालनमा ल्याइएको छ ।

३८. दमकल छिर्न नसक्ने २ वटा साँघुरा गल्लीहरुमा फायर हाईड्रेन्ट जडान गरिएको छ ।

३९. विपद व्यवस्थापनका लागि स्थापित महानगर आपतकालिन कार्य सञ्चालन केन्द्र (MEOC) लाई थप प्रभावकारी बनाइ सञ्चालनमा ल्याइएको छ ।

४०. भवनको नक्सा पास प्रकृयालाई सरल, सहज र पारदर्शी बनाउन Online मार्फत मात्र नक्सा दर्ता प्रकिया शुरु गरिएको, विद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System) लाई प्रभावकारी वनाइ Digital Signature लाई कार्यान्वयनमा ल्याइएको छ । ५००० वर्गफिटसम्मको नक्सापास वडाबाट नै गर्ने प्रकृया थालनी गरिएको छ ।

४१. नेपाल सरकार, सहरी विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागबाट संशोधन गरी जारी गरिएको नेपाल राष्ट्रिय भवन संहिता, २०७७ (Nepal National Building Code - Seismic Design of Building in Nepal–NBC105 - 2020) पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ ।

४२. भूमिगत वा भूँई तल्लामा पार्किङ्ग वा भण्डारण जुन प्रयोजनका लागि भवन निर्माण गर्न स्विकृती लिएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था कडाइकासाथ लागु गरिएको छ। अन्य प्रयोजनमा रहेको ९५ हजार ५३८ वर्गफिट भूमिगत क्षेत्रफललाई खाली गरी भूमिगत पार्किङ्ग क्षेत्र कायम गरिएको छ।

४३. १ लाख ८० हजार ७५६ वर्गफिट कालोपत्रे सडक क्षेत्रमा रहेको पार्किङ्ग हटाई सवारी आवागमनलाई सहज बनाईएको, १६ हजार ७५७ अनधिकृत पार्किङ्ग गरिएका सवारी साधन पक्राउ गरी कारवाही गरिएको, गैरकानूनी रुपमा सञ्चालित २३१ वर्कशपलाई कारवाही गरिएको, १०२० सडक अतिक्रमण नियन्त्रण गरिएको, २९३ अनधिकृत फोहरमैला गरेवापत कारवाही गरिएको, २७० आगलागी नियन्त्रण भएको, १६ हजार ५७० अनधिकृत संरचनाहरु हटाईएको, १८ हजार ९८३ वटा होर्डिङ्ग बोर्ड तथा परिचयपाटी हटाई सहरी सुव्यवस्थापन तथा सौन्दर्यता कायम गरिएको छ।

४४. काठमाडौँ महानगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्धनको लागि आवश्यक पूर्वाधार निर्माण कार्य शुरु गरिएको छ।

४५. नगर कार्यपालिकाको वैठकलाई प्रत्यक्ष प्रसारण गरिएको छ।

४६. काठमाडौँ महानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता तथा सिप विकास तालिम र अवलोकन भ्रमणलाई निरन्तरता दिईएको छ। चालू आर्थिक वर्षमा ७० जना जनप्रतिनिधिहरु र ३६५ जना कर्मचारीहरुलाई बिषयगत तालिम प्रदान गरिएको छ।

४७. वडास्तरमा नै ई-सिफारिस (KMC APP) अवलम्बन गरी सेवा प्रवाहलाइ छिटो, छरितो र प्रविधिमैत्री वनाउन शुभारम्भ भएको छ। हालसम्म यस App का प्रयोगकर्ता ४ हजार ७०३ जना रहेका छन्। ७८३ जना प्रयोगकर्ताले अनलाईन आवेदन दिएकोमा २० प्रतिशत कार्य पूर्ण रुपमा सम्पन्न भएको छ र बाँकी आवेदनहरु कार्य सम्पन्न हुने प्रकृयामा रहेको छ।

४८. महानगरपालिका क्षेत्रभित्र सञ्चालित परियोजनाहरुको अनुगमनलाई प्रभावकारी वनाई विकास निर्माणलाई गुणस्तरीय वनाउने कार्यमा सुधार भएको छ।

४९. काठमाडौँ महानगरपालिका ३२ वडा स्थित जडिबुटी चोक, मैतिदेवी चोक र पुरानो वसपार्क गेटमा रहेको अनधिकृत संरचना हटाएर सवारी आवागमनलाई सहज बनाईएको छ।

५०. महानगरपालिकाको सहकार्यमा छत्रपाटी निःशुल्क चिकित्सालयमा महानगरपालिका क्षेत्रभित्रका ज्येष्ठ नागरिक, जनप्रतिनिधि तथा कर्मचारीहरु समेत गरी चालु आर्थिक वर्षमा ५३३ जनालाई निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवा उपलब्ध गराईएको छ। सामुदायिक स्वास्थ्य सेवा परिषद् डल्लुमा निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कार्यलाई निरन्तर रुपमा सञ्चालनमा ल्याईएको छ।

५१. काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा कमल पोखरी र पुष्पलाल पार्कमा Water ATM जडान गरिएको छ।

५२. Idea Bank को लागि आव्हान गरिएको प्रस्तावमा पेश हुन आएका ७७६ वटा प्रस्ताव मध्येबाट १०० वटा प्रस्तावलाई छनौट गरिएको छ।

## चालु आ.व.२०७९।८० को नीतिको संक्षिप्त विश्लेषण

चालु आर्थिक वर्षका लागि काठमाडौँ महानगरपालिका नगर सभाको एघारौ अधिवेशनबाट स्वीकृत भई कार्यान्वयन भएको नीतिले महानगरवासी र आम जनमानसमा सुधारको अनुभूतिका साथै आशा र भरोसाको सञ्चार गरेको छ। नगर सभाबाट स्वीकृत हुने नीति तथा कार्यक्रमहरुले काठमाडौँको भविष्यलाई सुनिश्चित गर्ने र मुलुकभरका स्थानीय सरकारका लागि समेत अनुकरणीय बन्न सक्नुपर्ने

हुन्छ । एक वर्षको अवधिमा नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धि सन्तोषजनक रहेको देखिन्छ । यद्यपी चालु आर्थिक वर्षको नीति विश्लेषण गर्दा शतप्रतिशत कार्यान्वयनमा आउन सकेको भने देखिदैन । नीतिले निर्दिष्ट गरेका कतिपय कार्यक्रम कार्यान्वयनमा सार्वजनिक खरिद प्रक्रिया, योजना छनौट र प्राथमिकीरण, संस्थागत क्षमता आदि समेतका कारण अपेक्षाकृत नतिजा प्राप्त हुन सकेको देखिएन । नगर सभाबाट पारित नीति तथा कार्यक्रमको शतप्रतिशत कार्यान्वयनका लागि संस्थागत क्षमतामा बृद्धि, आवश्यक संस्थागत संयन्त्र तथा कानुनी प्रबन्धको थप व्यवस्था गरी स्वीकृत कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन, अनुगमन र मुल्याङ्कन पद्धतिको विकास गर्न आवश्यक देखिएको छ ।

**नगरसभाका सदस्यज्यूहरु,**

अव म यस सम्मानित नगरसभाको वैठकमा आगामी आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु:

काठमाडौँ महानगरपालिकाको दीर्घकालीन सोच **“सांस्कृतिक सहर, समृद्ध महानगर”** रहेको छ । यसै सोचमा केन्द्रित भई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । सफा, सुन्दर, धुलोरहित एवं व्यवस्थित सडक र पेटी, सफा नदिनाला, डुवान रहित, प्रविधिमैत्री, हराभरा, पर्यावरण तथा पर्यटनमैत्री काठमाडौँ निर्माण गर्ने यस नीति तथा कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । कम्तिमा ५००० नयाँ रोजगारीको सिर्जना गर्ने, महानगरलाई अर्गानिक खाद्य तथा तरकारीमा आत्मनिर्भर वनाउन कम्तिमा एक पालिकामा एग्रोपुलिङ सुरूवात गर्ने, स्थानीय स्तरमा उत्पादित स्थानीय पेय पदार्थ तथा परम्परागत बस्तुहरूको ब्राण्डिङ गरी निर्यात गर्ने, काठमाडौँलाई सांस्कृतिक तथा पर्यटनमैत्री सहर बनाइ पर्यटकको संख्यामा उल्लेख्य वृद्धिगर्ने लक्ष्य लिइएको छ ।

सुबिधा सम्पन्न ECED (Early Childhood Education and Development) कक्षा, आवश्यक भौतिक पुर्वाधार विकास, बुक फ्रि फ्राइडे, सिपमूलक शिक्षा, मेरो विद्यालय म बनाउछुँ, विद्यालयको सुन्दरता तथा हराभरामा विद्यार्थीहरूको सहभागिताका साथै सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर कम्तिमा २५ प्रतिशतले वृद्धिगर्ने शैक्षिक लक्ष्य लिइएको छ । ३२ वटै वडामा स्वास्थ्य प्रवर्धन केन्द्र, १ वटा शुलभ फार्मेसी, १ वटा केन्द्रिय ल्याव सञ्चालनमा ल्याई महानगरवासीको स्वास्थ्य सेवा पहुँच अभिबृद्धिमा रुपान्तरण गर्ने लक्ष्य लिइएको छ । महानगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुप्रतिको जनविश्वास र सेवाग्राहीको संख्या शतप्रतिशतले वृद्धि हुने लक्ष्य रहेको छ ।

One Stop Service Center, सार्वजनिक यातायात तथा सवारी पार्किङ र महानगरको सेवाप्रवाह पूर्ण डिजिटल रुपमा सञ्चालनमा ल्याईनेछ । महानगरको सेवामा होम डेलिभरी, इरेन्टल, मेट्रोमार्ट सञ्चालनमा आउनेछ । राजस्व परिचालन अभियान सञ्चालनमा ल्याई आन्तरिक राजस्व उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिईएको छ । महानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सडकहरू पक्कि सडकमा रुपान्तरण भएका हुनेछन, पूर्वाधार एम्बुलेन्सलाई प्रभावकारी रुपमा सञ्चालन गरी सम्पूर्ण सडकहरुलाई खाल्डाखुल्डी रहित बनाउने लक्ष्य लिईएको छ । सम्भव भएसम्म एक वडा एक खेल मैदान, एक वडा एक पार्क निर्माण, वार्षिक रुपमा कम्तिमा एक लाख बृक्षारोपण गर्ने लक्ष्य लिइएको छ । प्रस्तुत नीतिहरु काठमाडौँ महानगर र सम्पूर्ण महानगरवासीहरुको हितका लागि उपयोग गरिने लक्ष्य रहेको छ ।

**नीतिहरू :**

१. न्यायमा आधारित शान्तिपूर्ण र समावेशी समाज निर्माणका लागि महानगर क्षेत्रभित्रको जल, स्थल, वायुमण्डलमा रहेका सम्पूर्ण जीवजन्तु, वनस्पति र मानिसबिचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको जैविक विविधताको समग्र अवयवको स्वभाविक र प्राकृतिक अधिकारमा आधारित भई नीति, कानुन, निर्णय तथा कार्यक्रम सञ्चालन गरिनेछ । जीवित प्राणीको मात्र नभई सडक, नदी, हावा, पानी, माटो, मठ मन्दिर र सार्वजनिक जग्गा तथा सम्पदाको कानुनी अस्तित्व र अधिकारलाई उजागर गरी त्यस्ता जैविक विविधताको अधिकारलाई विशेष महत्वका साथ संरक्षण, संवद्धर्न र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरि प्राकृतिक सन्तुलन कायम गर्ने नीति लिइनेछ ।

२. महानगरवासीको जीवनयापनलाई गुणस्तरयुक्त बनाउन सिप विकास र रोजगारीका अवसरहरु सिर्जना गर्ने, खाद्य सुरक्षा तथा पोषण, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता र समाबेशीकरण, खानेपानी तथा सरसफाइको उपलब्धताको सुनिश्चितता गर्दै भरपर्दो, समावेशी र मर्यादित पेशा प्रवर्धन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

३. उत्थानशील पूर्वाधारको निर्माण गर्ने, उर्जाको अधिकतम उपयोगमा सबैको पँहुच सुनिश्चित गर्ने, स्थानीय श्रोतमा आधारित उद्योगको प्रवर्धन गर्ने र नवीनतम खोजलाई प्रोत्साहन हुने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४. फोहरमैलाको दिगो व्यवस्थापन, प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण, खोलानालाको नियमित सरसफाई, डुवानको समाधान तथा हरियाली प्रवर्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

५. प्रविधिमैत्री प्रशासनका माध्यमबाट राजस्वको दायरा फराकिलो बनाइने छ ।

६. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवं मुल्याङ्कनमा प्रविधिको अधिकतम प्रयोग गरी नतिजामुखी पूँजीगत खर्चमा वृद्धि गरिनेछ ।

७. विकासमा सबै सरोकारवालाहरूको संलग्नताको सुनिश्चितता, कार्यक्रममा दोहोरोपनाको अन्त्य, योजना कार्यान्वयनमा पारदर्शिता तथा लागत प्रतिफल विश्लेषण, स्थानीय सेवा प्रवाहका लागि सक्षम, पारदर्शी र उत्तरदायी संयन्त्र निर्माणका साथै सुशासन सहितको समृद्धिका लागि सरकारी, गैरसकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

८. महानगरको गौरव बढाउन अधिकतम जनसंख्या लाभान्वित हुने ३ वर्षभित्रमा सम्पन्न हुने १० वटा महानगर **गौरवका योजना**हरू मार्फत प्रमुख समस्याहरूको समाधानका साथै सुरक्षित, व्यावसायिक र व्यवस्थित सहरको निर्माण गर्दै काठमाडौँ महानगरपालिकालाई पर्यटनमैत्री सांस्कृतिक सहर, समृद्ध महानगरको रूपमा स्थापित गरिनेछ ।

९. महानगरवासीको दैनन्दिनसँग जोडिएका समस्याहरू समाधान गर्न तथा महानगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्न र सहरी शासनका सवालहरुमा दिगो व्यवस्थापनका लागि आवश्यक योजनाहरुलाई महानगर **स्वर्णिम योजना**का रूपमा स्वचालित संयन्त्र वनाई सञ्चालन गरिनेछ ।

१०. स्थानीय आवश्यकताका आधारमा तत्काल सम्पन्न गर्नुपर्ने हरेक वडाबाट प्राप्त भएका योजनाहरूलाई **प्राथमिकता प्राप्त योजना**का रूपमा कार्यान्वयन गरिनेछ ।

११. महानगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न फ्रेमवर्क र सूचकमा आधारित लक्ष्यहरु निर्धारण गरी स्थानीय टोलहरूलाई क्रमशः स्मार्ट टोलका रूपमा विकसित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।

**कार्यनीतिहरू**

**शिक्षा सम्बन्धी कार्यनीति**

१. महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयको पूर्वाधार विकास तथा शैक्षिकस्तर सुधारका लागि शिक्षा विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । संस्थागत विद्यालयहरूको व्यवस्थापन तथा पठनपाठन कार्यको नियमित अनुगमन नियमनका माध्यमबाट नाफामुखी शिक्षालाई दुरूत्साहित गर्दै सेवामुखी शिक्षा विकासका लागि एक संस्थागत संयन्त्र सञ्चालनमा ल्याइनेछ ।

२. सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने क्षमताको विकास गर्न आधारभूत प्राविधिक ज्ञान र सिपका साथै तन्दुरुस्त जीवनका लागि खेलकुद र त्यसलाई आवश्यकपर्ने पूर्वाधार सहितको **गरिखाने शिक्षा, महानगरको ईच्छा** भन्ने नाराकासाथ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महानगर गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. सबै निजी तथा सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय विषय नेपाल भाषाको पाठ्यक्रम अनुरुप पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. सामुदायिक विद्यालयहरूको सुन्दरता बढाउन विद्यार्थीहरूको सहभागितामा सम्पूर्ण विद्यालयहरूलाई सुन्दर, कलात्मक र हरियालीयुक्त बनाउनका लागि स्वर्णिम योजनाका रूपमा **सुन्दर विद्यालय** परियोजना सञ्चालनमा ल्याइनेछ । यसका लागि विद्यार्थीहरुको संलग्नतामा क्लव गठन गरी बुक फ्रि फ्राइडे कार्यक्रमसँग यस परियोजनालाई आवद्ध गरी सञ्चालन गरिनेछ ।

५. निजीस्तरमा संचालित शैक्षिक परामर्श सेवा केन्द्र, कोचिङ सेन्टर, तालिम केन्द्र, छात्रावास आदिको प्रभावकारी नियमन गरिनेछ ।

६. विद्यालयको पाठ्यक्रममा स्थानीय भाषा, नैतिक शिक्षा, प्राविधिक शिक्षालाई प्राथमिकतामा राखी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूसँग शिक्षण सिकाइका अनुभवहरू आदानप्रदानको व्यवस्था मिलाइनेछ । अपाङ्गता भएका विद्यार्थीहरूलाई अनुकुल हुने गरी समावेसी शैक्षिक वातावरणको सिर्जना गरिनेछ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नियमित स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्न **एक विद्यालय एक नर्स** र विद्यालयमा मनोसामाजिक परामर्शको लागि **एक विद्यालय एक सामाजिक सहजकर्ता** परिचालन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । साथै संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच भए नभएको अनुगमन गरिने छ ।

८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेवल मेशिन एवं विद्यार्थीहरुका लागि लकरको व्यवस्था गरिने छ ।

९. परम्परागत कला र साहित्यको प्रवर्धन गर्दै ललितकला विकासको लागि छुट्टै विश्वविद्यालय स्थापनाका लागि अध्ययन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी कार्यनीति**

१०. **सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा** गौरवको योजना अन्तर्गत महानगरवासीहरुमा सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन सबै सहरी स्वास्थ्य क्लिनिकहरूको स्तरोन्नति गरी सहरी स्वास्थ्य प्रवर्धन केन्द्रमा रूपान्तरण गरिने छ ।

११. महानगरका लक्षित वर्गका लागि स्वास्थ्य बिमा सम्बन्धी कार्यविधी तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. महानगरपालिका क्षेत्रभित्र एक निर्दिष्ट नगर अस्पताल स्थापना गरी सञ्चालनमा ल्याइनेछ । निजी तथा सामुदायिक अस्पतालसँगको सहकार्यमा **सुलभ फार्मेसी** स्वर्णीम योजना सञ्चालनमा ल्याई महानगरवासीलाई औषधि खरिदमा सहुलियत दिइने छ ।

१३. प्रचलित कानुन तथा मापदण्ड बमोजिम विपन्न र असहाय विरामीले पाउने निशुल्क तथा विशिष्ट सहुलियत सहितको स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवाको लागि महानगरपालिका क्षेत्रभित्रका अस्पतालहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१४. आरोग्य जीवनका लागि फिजिकल हेल्थ, मेन्टल हेल्थ, ध्यान, योग चिकित्साजस्ता वैकल्पिक उपचार पद्दतिका कार्यक्रमहरू अन्य सम्वद्ध पक्षसँगको सहकार्यमा सञ्चालनमा ल्याइनेछ । पूर्वीय दर्शन शिक्षा, परम्परागत आयुर्वेदिक उपचार पद्दति प्रवर्धन तथा हेल्थ टुरिजम जस्ता कार्यहरूलाई प्रोत्साहित गरिनेछ । नेपालमा उत्पादित जडिबुटीहरूको प्रशोधन केन्द्र सञ्चालनमा सहयोग गरी सिंहदरवार बैद्यखाना र नरदेवी आयुर्वेदिक अस्पतालसँग सहकार्य गरिनेछ ।

१५. काठमाडौं महानगरपालिकाबाट आर्थिक, प्राविधिक तथा अस्पतालजन्य उपकरण वा सहायता उपलब्ध गराइएका अस्पतालहरुसँग समन्वय गरी स्थानीय विपन्न र सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने महानगरवासीका लागि निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने प्रबन्ध गरिनेछ । सामुदायिक अस्पतालको स्तरन्नोतिको लागि सहयोग गरिनेछ ।

१६. क्यालोरीमा आधारित उपभोग प्रणाली लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७. काठमाडौं महानगरपालिकाको सहयोगमा सञ्चालित एम्बुलेन्स सेवा (१०२ हटलाइन) लाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार सम्बन्धी कार्यनीति

१८. सार्वजनिक, ऐलानी, पर्ती, नदी उकास, नदी किनार, नदी करिडोर, गुठी तथा सरकारी जग्गाहरूको लगत अद्यावधिक गरी सोको संरक्षण, संवर्धन तथा उपयोग गरिनेछ । महानगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरू अतिक्रमण गरी बनाइएका अनधिकृत संरचना हटाई खुल्ला क्षेत्रको रुपमा विकास गरिनेछ ।

१९. स्वच्छ खानेपानी तथा सफा सार्वजनिक शौचालयमा नागरिकको पहुँच वृद्धि गर्नका लागि स्वर्णिम योजनाको रूपमा सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराइने छ । प्रत्येक बस स्टपलाई परम्परागत स्वरुपको फल्चामा रुपान्तरण गरिनेछ । बसस्टप रहेको स्थानहरुमा जग्गा उपलब्ध भएसम्म सार्वजनिक शौचालय, खानेपानी तथा फ्रि वाइफाई जडान गरिनेछ । सो कार्यको लागि सामाजिक उत्तरदायित्व अन्तर्गत साझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२१. खानेपानीको पर्याप्त आपूर्तिका लागि सरकारी निकाय, निजी क्षेत्र र सेवा प्रदायकसँग सहकार्य गरिनेछ ।

२२. महानगरपालिकाका सम्पूर्ण सडकहरुलाई आगामी तीन वर्षभित्र गुणस्तरीय पक्की सडकमा रुपान्तरण गर्न र सडकपेटीको स्तरोन्नतिका लागि **धुलो रहित काठमाडौं** गौरवको योजना तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ ।

२३. सडक निर्माण कार्यलाई थप व्यवस्थित एवम् गुणस्तरीय बनाउनका लागि आफ्नै आस्फाल्ट प्लाण्ट स्थापना गरी सञ्चालन गरिनेछ ।

२४. आधुनिक प्रविधि सहितको अपाङ्गतामैत्री, सामाजिक एवं भौतिक पूर्वाधारहरुको निर्माण गरी महानगरवासीलाई दिगो पूर्वाधार विकासको अनुभूती गराइनेछ ।

२५. काठमाडौँ महानगरपालिका क्षेत्रभित्र निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीहरुको गुणस्तर र मापदण्ड निर्धारण गरिनेछ । निर्माण कार्य गर्दा वातावरणीय प्रदूषण कम हुने, कामदारको उचित सुरक्षाको प्रत्याभूति हुने, स्वदेशी कामदारहरुको ज्ञान, सिप र क्षमताको अधिकतम उपयोग सुनिश्चित हुने गरी पूर्वाधार निर्माण कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२६. महानगर क्षेत्रभित्रका सडक, ढल, फुटपाथ, सडक बत्ति आदी जस्ता तत्काल मर्मत सम्भार गर्नुपर्ने कार्यलाई सम्पन्न गर्ने उद्देश्यले स्थापित पूर्वाधार एम्बुलेन्स सेवालाई कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२७. महानगरपालिका क्षेत्रभित्रका सडक पेटीहरुमा पैदल यात्रालाई सहज तथा सुरक्षित बनाउन एवं अपाङ्गतामैत्री बनाउनका लागि सडक पेटीमा रहेका अवरोधहरु जस्तैः ट्यांकी, पर्खाल, बिजुली तथा टेलिफोनका पोल तथा डिस्ट्रिब्युसन बक्स, कम्युनिकेशन बक्स जस्ता संरचनाहरु स्थानान्तरण गर्न कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२८. प्रमुख सडकहरूमा फाइवर तथा अन्य केवल विस्तार कार्यको लागि डक्ट निर्माण गरिनेछ । सेयर्ड इन्फ्रास्ट्रक्चरको अवधारणा अनुरूप युटिलिटी सेयरिङ कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

२९. नेपाल दूरसञ्चार प्राधिकरण (NTA) र इन्टरनेट सेवा प्रदायक संस्था (ISPAN) सँग सहकार्य गरी अव्यवस्थित रुपमा रहेका तारहरुको उचित व्यवस्थापन गरिने छ ।

३०. महानगरपालिका क्षेत्रभित्रका सडक, रेलिङ, वाल, कार्यालय परिसर, पार्क, लगायतका क्षेत्रहरूमा निरन्तर रूपमा सरसफाई, रंगरोगन तथा चित्रकला, विद्युत व्यवस्था (Warm & Strud Light समेत), हरियाली प्रवर्धनको माध्यमबाट सुव्यवस्थित र सुन्दर बनाउनका लागि **सुन्दर महानगर** स्वर्णिम योजना सञ्चालन गरिनेछ ।

३१. **उज्यालो सहर, मेरो महानगर** परियोजनालाई गौरवका योजनाको रुपमा सञ्चालन गरिनेछ । यसका लागि महानगरको आफ्नै संयन्त्र वा G2G र सामाजिक उत्तरदायित्व (CSR) मार्फत उज्यालो सहरको कार्यक्रम सञ्चालन गरिनेछ । महानगरका विभिन्न १०० स्थानमा हाइ मास लाइट जडान गरिनेछ ।

३२. काठमाडौँ महानगरपालिका वडा नंवर ३२ स्थित तिनकुनेको जग्गाको मुआब्जा सम्बन्धी विषयको समस्या समाधानका लागि संघीय सरकारसँग ठोस पहल गरी उक्त स्थानमा अन्तर्राष्ट्रिय स्तरको पार्क निर्माण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

३३. काठमाडौँ महानगरपालिकाका मिश्रित घनावस्ती क्षेत्रभित्र सहरी पुनर्विकासको सम्भाव्यता अध्ययन गरिनेछ । हाल सञ्चालनमा रहेका जग्गा एकीकरण आयोजनाहरुलाई यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।

**संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी कार्यनीति**

३४. काठमाडौँ महानगरपालिकालाई खुल्ला संग्रहालयको रुपमा विकास गर्न तथा यसको पहिचानलाई जोगाई राख्न महानगर गौरवको योजना **संस्कृति, सम्पदा र पर्यटन : महानगरको धन** अन्तर्गत मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संवर्धन तथा प्रवर्धनका बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. नेपाल भाषा, लिपी, साहित्य, कला, सिपको जगेर्ना गर्ने, स्थान तोकेर बिभिन्न सांस्कृतिक तथा मनोरन्जनात्मक कार्यहरूका लागि स्थानीय समुदाय तथा कलाकारहरूसँग सहकार्य गरी स्वर्णिम योजनाको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक विषयसँग सम्बन्धित ट्याक्टिकल अर्वानिज्म कन्सेप्टको अवधारणा अवलम्बन गरी सार्वजनिक तथा निजी स्वामित्वमा रहेका खुल्ला क्षेत्रलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. महानगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, बहाल, पोखरी, हिटी, चैत्य, स्तुप आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाइनेछ। ऐतिहासिक महत्वका बहाः बही, ननी, चोक लगायतका स्थानहरुलाई ऐतिहासिक परिचय खुल्ने गरी स्थानीय लिपी सहितको मौलिक नामाकरण गरी सामाजिक नक्सांकन सहितको संकेत चिन्ह राख्ने नीतिलाई निरन्तरता दिइनेछ।

३८. महानगरका पर्यटकीय क्षेत्रहरू समेटिएको कम्प्लिट रूट सजेशन सहितको डिटेलहरू देखिने Augmented Reality Based Tourism App निर्माण, पर्यटन रूट निर्माण र सौन्दर्यीकरण साथै पर्यटकहरूको लागि बिभिन्न टुर प्याकेजहरू तयार गरी सञ्चालनमा ल्याइनेछ। काठमाडौँ सहरको अन्तर्राष्ट्रिय चलचित्र, संगीत, कला, अन्य मनोरन्जनका कार्यक्रम, स्थानीय पेय पदार्थ, मौलिक र परम्परागत खानालाई Branding गरिनेछ। साथै ठमेल क्षेत्रलाई पर्यटकीय केन्द्र (Tourism Hub) को रुपमा विकास गर्न ठमेल मास्टरप्लान तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३९. निजी क्षेत्र, व्यवसायी र स्थानीय समुदायसँग सहकार्य गरी महानगर क्षेत्रभित्र होमस्टे सञ्चालन गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४०. विश्व सम्पदा सूचीमा सूचीकृत पशुपति क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि टेवा पुर्याइनेछ। बौद्धनाथ र स्वयम्भूलाई महानगरपालिका मातहत सञ्चालन र व्यवस्थापन गर्नको लागि आवश्यक समन्वय र कानुनी प्रबन्ध गरिनेछ। अन्य ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, वहाल, पोखरी, हिति, चैत्य, स्तुपहरूको नियमित मर्मत, सम्भार गरिनेछ। अमूर्त सम्पदाहरू इन्द्रजात्रा, सेतो मछिन्द्रनाथ जात्रा, पचली भैरव जात्रा, पाँह्रचह्रे जात्रा, अन्य जात्रा तथा पर्व, स्थानीय परिकार, परम्परालाई संरक्षण र सम्वर्धन गर्दै सम्भावना भएका थप कला, संस्कृति र सम्पदा युनेस्कोमा सूचिकृत गर्ने प्रकृया शुरु गरिनेछ।

४१. स्थानीय समुदाय तथा विज्ञको समन्वय र सहयोगमा सम्पदा क्षेत्रहरूमा सवारी साधनहरूको प्रवेशलाई निषेध गरिनेछ। काठमाडौँको मौलिकता झल्काउने किसिमको भौतिक पूर्वाधारहरू निर्माण गर्दै लगिनेछ। सम्पदा संरक्षण र प्रवर्धन हुने परम्परागत शैलीका घर निर्माण गर्न घरधनीहरूलाई प्रोत्साहित गरिनेछ। स्वयम्भू क्षेत्र, हनुमानढोका दरवार संरक्षण क्षेत्र र आसपासका वस्तीहरुलाई समेटी तिनको संरक्षण र विकासका लागि गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यस क्षेत्रको वरिपरीका रैथाने नेवार बस्तीहरूलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरिनेछ।

४२. हनुमानढोका दरवारक्षेत्र देखि स्वयम्भु सम्मको हेरिटेज वाकलाई सञ्चालन गर्ने गरी कार्यक्रम अघि बढाइनेछ।

४३. प्राचिन स्मारक संरक्षण क्षेत्रका वासिन्दाको लागि विशेष सहुलियत र सुविधा उपलब्ध गराइनेछ। सम्पदा क्षेत्र सञ्चालन, संरक्षण र प्रवर्धन गर्न आवश्यक कानूनी प्रवन्ध सहितको व्यवस्था मिलाईने छ।

४४. सामुहिक रुपमा स्थानीय घर परिवारले प्रयोगमा ल्याइरहेको साःगाहरुको उचित व्यवस्थापन गरिने छ।

४५. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने हवाइजहाजहरुमा यात्रुहरुको सुबिधाको लागि दिईने सूचना स्थानीय नेपाल भाषामा समेत प्रवाह गर्ने प्रवन्ध गर्न पहल गरिनेछ।

**वातावरण व्यवस्थापन सम्बन्धी कार्यनीति**

४६. महानगरको फोहर व्यवस्थापनमा रहेको लामो समयदेखिको अन्यौलतालाई अन्त्य गरी आगामी आर्थिक वर्षभित्र ठोस योजना सहितको दिगो समाधानको कार्य प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ।

४७. संवत् २०८० श्रावण १ गतेबाट एकल प्रयोगको प्लाष्टिकलाई निषेध गर्ने, प्लाष्टिकको फूलगुच्छा उत्पादन, विक्री वितरण र आयातका साथै ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको झोलाको प्रयोगलाई महानगर क्षेत्रमा प्रतिवन्ध लगाइनेछ र यसको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

४८. सवारी साधनहरूको प्रदूषण मापन गरी तोकिएको मापदण्ड भन्दा बढी प्रदूषण निष्काशन गर्ने सवारी साधनहरुलाई महानगर क्षेत्रमा सञ्चालन गर्न रोक लगाउन सम्बन्धित निकायसँग सहकार्य गरिनेछ ।

४९. महानगरपालिका क्षेत्रभित्रका नदीनालाहरूको नियमित सरसफाई गर्न **नदी सरसफाई** स्वर्णिम योजनाका रुपमा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक उपकरणहरू खरिद गरी संस्थागत क्षमता विकास गरिनेछ साथै वागमती तथा बिष्णुमती नदिमा फोहर पानी प्रशोधन केन्द्रको स्थापना गर्ने प्रकृया शुरु गरिनेछ ।

५०. सरसफाई कार्यमा प्रयोग हुने आवश्यक सवारी साधन तथा उपकरणहरुको पर्याप्त व्यवस्था गरिनेछ ।

५१. काठमाडौं महानगरपालिकालाई आवश्यक पर्ने सवारी साधन खरीद गर्दा विद्युतीय सवारी साधन खरिद गर्ने नीति लिईनेछ ।

५२. सार्वजनिक स्थानहरुमा धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रयोग तथा बेचविखनलाई पूर्ण रुपमा रोक लगाईनेछ ।

### संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यनीति

५३. संविधानतः स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका अधिकारहरुको प्रचलन गर्न विशेष पहल गरिनेछ । मालपोत र नापी सम्बन्धी कार्यलाई महानगरपालिका मातहत सञ्चालनमा ल्याउन आवश्यक समन्वय सहित नीतिगत प्रवन्ध गरिनेछ ।

५४. काठमाडौं महानगरपालिकाको हालको संगठन संरचनालाई पुनरावलोकन गरी महानगरपालिकाबाट प्रवाह गरिने सेवालाइ प्रभावकारी बनाइनेछ । महानगरपालिकाको निर्णय प्रकृयालाई पारदर्शी, सहज, सूचना प्रविधिमैत्री, सेवाग्राहीमैत्री, कुसल एवं प्रभावकारी वनाइनेछ । महानगरपालिकाको अत्यावश्यक सेवाहरु परिभाषित गरी सेवा प्रवाहलाई १६ घण्टासम्म सञ्चालन गरिने छ । महानगरपालिका अन्तर्गतका कार्यालयका सबै सेवा प्रवाह विन्दुहरुमा वन स्टप सर्भिस सेन्टर स्थापना गरी क्रमिक रुपमा सञ्चालनमा ल्याइनेछ ।

५५. संघ तथा प्रदेशबाट प्राप्त हुने संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम महानगरपालिकाको पूर्व सहमति एवं समन्वयबिना छनौट भएका योजना तथा कार्यक्रम कार्यान्वयन नगरिने व्यवस्था गरिनेछ ।

५६. सेवा केन्द्रका रूपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारवाहीलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी, भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

५७. महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि स्वदेशी तथा विदेशी विषय क्षेत्रगत, सेवाकालीन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याइनेछ ।

५८. महानगरमा कार्यरत कर्मचारीहरुका लागि सुनौलो अवकाश योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. महानगर क्षेत्रभित्रका युवा जनशक्तिलाई श्रम बैंकमा आवद्ध गराई सिप विकास तथा क्षमता विकास तालीम तथा रोजगारीका अवसरहरु उपलब्ध गराइनेछ ।

**राजस्व तथा वित्त व्यवस्थापन सम्बन्धी कार्यनीति**

६०. महानगरभित्र रहेका व्यापार व्यवसायहरूको विस्तृत विवरण सहितको अनलाइन डाइरेक्ट्री तयार गरी कारोवार पारदर्शिताका लागि उधारो रेटिङ प्रणाली तथा उधारो सूचना केन्द्र सञ्चालनमा ल्याइनेछ ।

६१. करको दरमा सामयिक पुनरावलोकन गरी तथा दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइनेछ । आवश्यकता अनुसार अनुगमन तथा संकलन गर्नका लागि टोली गठन गरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै अग्रीम कर तिर्न सक्ने प्रवन्ध मिलाइनेछ ।

**सहरी यातायात सम्बन्धी कार्यनीति**

६२. महानगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनहरूमा अनिवार्य रूपमा जिपिएस जडान गरी इ-ट्रान्सपोर्ट एपमा आवद्ध गरिनेछ । इन्टेलिजेन्ट ट्राफिक सिग्नल, उचित ट्राफिक व्यवस्थापन, वैज्ञानिक ढंगमा वन-वे निर्धारण, उपयुक्त क्षेत्रको पहिचान गरी नो भेहिकल जोन सम्बन्धी व्यवस्थापन गरी नियमनमा सुधार ल्याइनेछ ।

६३. काठमाडौँको सहरी यातायातको विकासका लागि नेपाल सरकारसँग सहकार्य गरी e-BRT (Electronic Bus Rapid Transit), Fly Over को सम्भाव्यता अध्ययन गरी एक वर्ष भित्रै ठोस प्रस्ताव पेश गरिनेछ ।

६४. विद्युतीय सार्वजनिक यातायातलाई प्रवर्धन गर्ने र उपत्यका भित्र रात्रीकालिन सार्वजनिक सवारी साधन सञ्चालन गर्न आवश्यक समन्वय एवम् प्रवन्ध गरिनेछ ।

६५. जेब्राकसिङको संकेत चिन्ह भएको स्थानबाट मात्र पैदल यात्रीले बाटो काट्न सहजीकरण गरिनेछ । सडकमा वारपार गर्न सवारी साधनको भन्दा पैदल यात्रीको अग्राधिकार कायम गर्ने यातायात संस्कृतिको विकास गरिनेछ । साइकल लेनको सम्भाव्यता अध्ययन गरिनेछ ।

६६. संघीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणलाई क्रियाशील गराई यातायात व्यवस्थापनमा अपेक्षित सुधार ल्याइने छ ।

**कानुन तथा मानव अधिकार सम्बन्धी कार्यनीति**

६७. मानव अधिकार र सामाजिक न्यायको सिद्दान्तलाई अवलम्वन गर्दै न्याय सम्पादनलाई थप सरल, सहज, अनुमानयोग्य र पहुँचयोग्य बनाउन सूचना प्रविधिको प्रयोग गरिनेछ। महानगरवासीहरूका लागि न्याय तथा कानुनी परामर्शका लागि स्वर्णिम योजनाका रूपमा **न्याय चौतारी** सञ्चालनमा ल्याइनेछ। कानूनी सचेतना, राय तथा परामर्श, मेलमिलापको प्रवर्धन, प्रथाजनित मेलमिलापलाई प्राथमिकीकरण र समग्र न्याय प्रणालीको दायरा बढाउने गरी यो परियोजना सञ्चालन गरिनेछ ।

**६८.** काठमाडौँ महानगरपालिकाद्धारा आयोजित न्यायिक समितिको प्रथम राष्ट्रिय सम्मेलनबाट स्थानीय विवादको न्यायोचित समाधान गर्न तथा न्याय सम्पादनको काम कारवाहीलाई अझ प्रभावकारी बनाउने उद्देश्यले सम्मेलनबाट जारी गरिएको न्यायिक समिति काठमाडौँ घोषणा, २०७९ लाई कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

६९. महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न, लैङ्गिकताका आधारमा हुने हिंसा नियन्त्रण गर्न, महिलाको बहुपक्षिय अधिकार तथा मानव अधिकारका समग्र विषयमा प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्न वडा महिला सञ्जाललाई थप शसक्त र प्रभावकारी बनाइनेछ ।

**७०.** महानगरपालिकाको केन्द्रिय कार्यालय तथा वडा कार्यालयहरुबाट प्रारम्भ भएको निशुल्क कानुनी सेवालाई निरन्तरता दिइनेछ ।

७१. काठमाडौं महानगरपालिकालाई प्राप्त संवैधानिक तथा कानुनी अधिकारको प्रचलन गर्न तथा नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक नयाँ कानुनको तर्जुमा, विद्यमान कानुनको पुनरावलोकन गरी संशोधन गरिनेछ ।

**कृषि तथा पशुपंक्षी सम्बन्धी कार्यनीति**

७२. महानगरबासीलाई अर्गानिक तरकारी, फलफुल, माछामासु तथा अन्य खाद्यवस्तुको सहज उपलब्धताको प्रवन्ध गर्न अन्य स्थानीय तहहरूसँग सम्झौता गरी कृषकहरुलाई प्रोत्साहन हुने तथा कृषि उपजको विक्रि वितरण तथा भण्डारण गर्ने संस्थागत प्रणालीको विकास गरिनेछ । यसका लागि आवश्यक सहजीकरण महानगरपालिकाले गर्ने गरी **एग्रोपुलिङ** स्वर्णिम योजना सञ्चालन गरिनेछ ।

७३. खाद्य पदार्थको गुणस्तर सुनिश्चितताका लागि महानगर क्षेत्रभित्र आफ्नै कृषि, खाद्य र भेटेरिनरी परीक्षण प्रयोगशाला स्थापना गरी अनुगमन, निरीक्षण तथा परीक्षण कार्यलाइ प्रभावकारी बनाइनेछ । अनलाइन प्लेटफर्म मेट्रो मार्ट स्वर्णिम योजना मार्फत उपभोक्ता तहसम्म सामानहरु पुर्याउने संयन्त्र विकास गरिनेछ ।

७४. काठमाडौंको रैथाने बाली पहिचान, संरक्षण तथा विस्तार गरिनेछ । करेसाबारी, कौसीखेती, भर्टिकल गार्डेन तथा माटो बिनाको खेतीलाई प्रवर्धन तथा प्रोत्साहित गरिनेछ । घरबाट निस्किने फोहरलाई मल बनाई अर्गानिक उत्पादनमा जोड दिइनेछ ।

७५. काठमाडौं महानगरपालिका क्षेत्रमा भित्रिने खाद्य वस्तुको गुणस्तर परीक्षणको व्यवस्था मिलाईनेछ ।

७६. अनलाईन पोर्टलको विकास गरी उपभोक्तालाई सहज ढंगबाट कृषि उपज प्राप्तिको प्रवन्ध गरिने छ ।

७७. पशुपालनलाई व्यवस्थित गर्न पशुपंक्षीजन्य व्यवसायको अभिलेखीकरण तथा नियमनगर्न पशुदर्ता प्रणाली कार्यान्वयनमा ल्याइनेछ । पशुपालनका लागि अनिवार्य अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

७८. सामुदायिक कुकुर र विरालोको वन्ध्याकरण गर्ने र खोप लगाउने, घाईते र विरामी पशुपंक्षीको उपचार गर्ने तथा मृत जनावरको अन्तिम संस्कार गर्ने कार्यको उचित व्यवस्थापन गरिनेछ । बाँदर व्यवस्थापनको उपयुक्त उपाय खोजी गरी अवलम्बन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी कार्यनीति**

७९. सहरी गरिबको पहिचान गरी उनीहरुका लागि सिप विकास तथा आयमूलक तालिम कार्यक्रमको सञ्चालन मार्फत उत्पादनशिल रोजगारीको अवसर सिर्जना गरिनेछ ।

८०. समता सहितको समानता तथा सामाजिक समावेशिकरणको प्रत्याभुतिका लागि लैङ्गिक तथा सामाजिक विभेदिकरणलाई अन्त्य गर्न निजी क्षेत्र तथा गैर-सरकारी संस्थाहरूसँग समेत सहकार्य गरिनेछ ।

८१. महानगरवासीको सुखदुःखको अवस्थामा **साथी महानगर** स्वर्णीम योजनाको कार्यक्रम सञ्चालन गरिनेछ । महानगरवासीहरुमा महानगरप्रतिको भावनात्मक सम्वन्ध विस्तारका लागि महानगर सोसियल साइट संचालनमा ल्याइनेछ । ज्येष्ठ नागरिक तथा एकल व्यक्तिहरूका लागि उपत्यका भ्रमण कार्यक्रम, जन्मदिन तथा चाडवाडहरूमा शुभकामना सन्देश, अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम, न्यून आय भएका तथा असहाय वर्गका परिवारलाई जन्म, मृत्यु तथा चाडपर्वहरूमा सहयोग केन्द्रित कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

८२. ज्येष्ठ नागरिकलाई सक्रिय जीवन बिताउन अभिप्रेरित गर्ने विभिन्न कार्यक्रम सञ्चालन गरि सामाजिक विज्ञानको रुपमा विकास गरिनेछ । ज्येष्ठ नागरिकमा रहेको ज्ञान, अनुभव, क्षमता र सिपलाई पुस्तान्तरण गरिनेछ । सक्रिय बुढ्यौलीलाई बढावा दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८३. महिलाको श्रमलाई आर्थिक उपार्जनमूलक कार्यमा लगाउन रैथाने परिकार तथा उत्पादनको साप्ताहिक मेला आयोजना गर्न समन्वय गरिनेछ । महानगरक्षेत्रभित्रका उद्यमशिल महिलाहरुलाई सहुलियत व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरिनेछ ।
८४. महानगरक्षेत्रभित्रका असहाय वालकालिकाको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
८५. मानव सेवा आश्रमसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।
८६. विपन्न, दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग र अपागंता भएका महानगरवासीहरुका लागि विशेष संरक्षणका कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
८७. एक वडा एक नमुना उद्यमशिल कार्यक्रम सञ्चालन गरिनेछ ।
८८. महानगरलाई स्मार्ट सिटीका रूपमा विकास गर्न स्मार्ट टोल योजना सञ्चालनमा ल्याइनेछ । योजना सञ्चालनका लागि निश्चित सूचक सहितको स्मार्ट सिटी फ्रेमवर्क तयार गरी लागू गरिनेछ । महिला तथा युवाहरुका लागि IT सम्बन्धी विशेष तालिमहरु सञ्चालन गरिनेछ ।
८९. महानगरपालिकाले Job Link App विकास गरी वेरोजगार र रोजगारदाताहरूकाबिच सम्बन्ध सेतुको रूपमा रोजगार अवसरहरुको उचित वितरणका माध्यमबाट काठमाडौं महानगरलाई शुन्य वेरोजगार शहर बनाउनेतर्फ अग्रसरता दिइनेछ ।
९०. लागु पदार्थ दुव्यसर्नीहरुका लागि सुधार गृह तथा पुनर्स्थापना केन्द्रहरुसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**खेलकुद सम्बन्धी कार्यनीति**

९१. परम्परागत तथा आधुनिक खेलकुदको विकास र प्रवर्धनका लागि सामुदायिक तथा निजी क्षेत्र समेतको सहकार्यमा खेलकुद प्रतियोगिता, व्यवसायिक खेलाडी तथा प्रशिक्षक उत्पादनका लागि प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमहरू संचालनमा ल्याइनेछ ।
९२. खेलकुद विकासको लागि विभिन्न पूर्वाधारहरू निर्माण, विद्यमान पूर्वाधारहरुको नियमित मर्मत र सम्भार गर्ने कार्यका लागि स्वर्णिम योजनाको रूपमा कम्तिमा **एक टोल एक खेलकुद पूर्वाधार** निर्माण गर्ने तथा सञ्चालनमा रहेका खेलमैदानको स्तरोन्नति तथा मर्मत सम्भार गरिनेछ ।
९३. खेलकुद क्लव तथा खेलाडी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी सम्बन्धी कार्यनीति**

९४. स्थानीय सिप, कला, उत्पादनलाई प्रोत्साहन गर्न महानगरपालिका क्षेत्रभित्रका डिपार्टमेन्टल स्टोर, सपिङ्ग मल, मार्टहरूसँग समन्वय गरी बिक्रि वितरणका लागि निश्चित स्थान उपलब्ध गराउन तथा स्थानीयलाई रोजगारी दिने व्यवसायीहरुलाई सहुलियत दिने व्यवस्था मिलाइनेछ ।
९५. स्थानीय समुदायमा प्रचलनमा रहेको स्थानीय पेयपदार्थलाई नीजि व्यवसायीहरुसंगको सहकार्यतामा Branding गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्रि वितरण गर्न सहजीकरण गरिनेछ ।
९६. सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरुलाई प्रबर्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तिब्रता दिंदै विद्युतिय प्रणालीमा आवद्ध गरिनेछ ।
९७. संस्थाका सदस्यहरुलाई लक्षित गरी सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । महानगर क्षेत्र बाहिर संचालित उत्पादनमूखी सहकारीहरुसँग सहकार्य गरी गुणस्तरीय वस्तु सुलभ रुपमा उपलब्ध गराउन प्रवन्ध गरिनेछ ।
९८. संकटग्रस्त सहकारी व्यवस्थापनका लागि संस्थागत संयन्त्र निर्माण गरी प्राथमिकताका साथ कार्य गरिनेछ ।

९९. सहकारी दर्ता, नविकरण तथा मर्जर सम्बन्धमा मापदण्ड बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी कार्यनीति**

१००. स्वदेशी तथा विदेशी सहरहरूसँगको भगिनी सम्बन्धलाई क्रमशः विस्तार गर्दै लगिनेछ ।

१०१. भगिनी सहरहरुसँगको सम्बन्धबाट स्थानीय व्यापार व्यवसायको प्रवर्धन, सहरीपूर्वाधारको विकास, ज्ञान, सिप र साँस्कृतिक अनुभवहरुको आदान-प्रदान गरी आपसी सम्बन्धलाई सहरको विकास तथा सुशासन कायम गर्ने दिशामा केन्द्रित हुनेछ ।

१०२. अन्य स्थानीय तहहरुसंगको समन्वय, सहकार्य र सहसम्बन्धलाई प्रवर्धन गर्न जोड दिईनेछ ।

**विपद् व्यवस्थापन सम्बन्धी कार्यनीति**

१०३. विपद् जोखिम न्युनिकरण, जलवायु परिवर्तन, सेन्डाइ फ्रेमवर्क प्रतिवद्धताहरुको कार्यान्वयन मार्फत नागरिकलाई विपद् जोखिमबाट जोगाउन विभिन्न योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०४. महानगरको डुवान क्षेत्रहरू पहिचान गरी सो को समाधानका लागि **डुवान समाधान** स्वर्णिम कार्यक्रम अन्तर्गत ड्रेनेज नेटवर्क प्लान तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१०५. स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरु मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।

**सहरी विकास तथा भवन मापदण्ड सम्बन्धी कार्यनीति**

१०६. नक्सापास प्रक्रियालाई सरल, सहज र पारदर्शीका साथै कागज रहित (Paper Less) वनाउन विद्युतीय भवन अनुमति प्रणाली (E-BPS) लाई समय सापेक्ष अद्यावधिक गरी विद्युतीय हस्ताक्षर (Digital signature) समेतको प्रयोग गरी Biometric प्रणाली E-BPS माा आबद्ध गर्ने र Online प्रणालीवाट नक्सा दर्ता प्रक्रियालाई निरन्तरता दिईनेछ ।

१०७. निजी क्षेत्र, संघसंस्था तथा व्यक्ति विशेषले सवारी साधन पार्किङ्ग प्रयोजनको (Mechanical Steel Structure) लागि मात्र भवन निर्माण स्वीकृतिको लागि नक्सा पेश गरेमा निर्माण हुने भवनको नक्सापास वापत लाग्ने कुल दस्तुरमा ९० प्रतिशत छुट दिइनेछ । सबैका लागि पार्किङ्ग सुविधा कार्यक्रम सञ्चालनार्थ मोबाइल एप्लिकेशन तयार गरी प्रयोगमा ल्याइनेछ ।

१०८. काठमाडौं महानगरपालिकाको भूउपयोग योजना तयार गरी लागू गरिनेछ ।

१०९. भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनालाई जोड दिइनेछ । मापदण्डको उल्लङ्घन हुने गरी फ्लोर एरिया रेसियोको सुविधाभन्दा बढी निर्माण भई अभिलेखीकरण भैसकेका र हुन बाँकी भवन संरचनाको हकमा सम्पत्ति करको दर बढी हुने गरी आर्थिक ऐनमा व्यवस्था गरिनेछ ।

११०. भवन निर्माण गर्दा सहरको सुव्यवस्था, सार्वजनिक आवागमनमा अवरोध नपुग्ने तरिका, आवश्यक र उपयुक्त उपकरणको प्रयोग, कामदारको सुरक्षा, प्रदुषण नियन्त्रण र वातावरणको संरक्षण आदि पक्षलाई आधार मानी भवन निर्माण गर्न आचार संहिता जारी गरिनेछ ।

१११. भवन निर्माण प्रमाणीकरणको कार्यलाई निरन्तरता दिन कानूनी प्रवन्ध गरिनेछ ।

### सार्वजनिक नीजि साझेदारी सम्बन्धी कार्यनीति

११२. निजी क्षेत्रको स्रोत साधन, सिप तथा प्रविधिको उपयोग गरी सार्वजनिक निर्माण, सेवा प्रवाह र सहरी सौन्दर्यका परियोजना पहिचान गरी सार्वजनिक निजी साझेदारी प्रारुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

११३. सार्वजनिक निजी साझेदारी प्रारुपमा रहेका परियोजनाहरुको अनुगमन, नियमन र मुल्याङ्कनको संस्थागत प्रवन्ध गरी परियोजनाको प्रभावकारितामा वृद्धिगरिनेछ ।

### सूचना तथा प्रबिधि सम्बन्धी कार्यनीति

११४. डिजिटल महानगर फ्रेमवर्क तयार गरी **सुशासनका लागि अनलाइन सेवा** गौरवका योजना मार्फत महानगरवाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट प्रवाह गरिनेछ । गुनासो तथा सुझावहरू सम्बोधन गर्ने तथा महानगरको गतिविधिहरू अनुगमन गर्न मेट्रो कन्ट्रोल रूम तयार गरिनेछ ।

११५. **महानगरले देख्छ** परियोजनालाई गौरवका योजनाको रुपमा सञ्चालन गरी Survelience Camera का माध्यमबाट सुरक्षित महानगरको प्रत्याभुति गरिने छ ।

११६. महानगरपालिकाबाट मेट्रो टिभी सञ्चालनमा ल्याइनेछ । साथै, मिडिया डेस्क स्थापना गरी समग्र सूचना तथा गतिबिधिलाई एकीकृत प्रणाली मार्फत प्रवाह गरिनेछ ।

### हरियाली प्रवर्धन आयोजना सम्बन्धी कार्यनीति

११७. बार्षिक रूपमा १ लाख रूखबिरूवा रोपी महानगरलाई हराभरा बनाउन **मेरो रहर, हरित सहर** गौरवको योजनाको रुपमा कार्यक्रम सञ्चालन गरिनेछ । चराचुरूङ्गीको बासस्थान सुनिश्चित गर्नका लागि महानगरभित्र रहेका शहरी जंगलहरूको संरक्षण तथा सम्वर्धन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

११८. महानगर क्षेत्रभित्रको संभावित स्थानहरुमा पोखरीहरुको स्थापना गर्न संभाव्यता अध्ययन गरिनेछ साथै यस विषयमा छिमेकी नगरपालिकाहरुसँग समेत समन्वय र सहकार्य गरिनेछ ।

११९. विभिन्न संस्थाहरुसंग सहकार्य गरी वायु, ध्वनि, दृष्य लगायत विभिन्न प्रदुषण नियन्त्रण सम्बन्धी अध्ययन अनुसन्धान गरी नीतिगत व्यवस्था गरिनेछ ।

१२०. रिचार्ज काठमाडौं अभियानलाई कार्यान्वयन गर्न आकाशे पानी संकलन तथा पूनर्भरण कार्यलाई निरन्तरता दिईनेछ । महानगरक्षेत्रभित्रका होटल, कार्यालय, संघसंस्थाहरूले अनिवार्य रूपमा आकाशे पानी संकलन तथा पुनर्भरणको व्यवस्था गर्नुपर्ने विषयमा नीतिगत प्रवन्ध गरिनेछ ।

### सहरी योजना आयोग सम्बन्धी कार्यनीति

१२१. योजना तर्जुमा कार्यमा जनसहभागिता कायम गर्न वर्षभरी नै नागरिकले अनलाइन प्रणाली मार्फत योजना माग गर्न सक्ने गरी पोर्टल तथा एप विकास गरी प्रयोगमा ल्याइनेछ ।

१२२. काठमाडौं महानगरपालिकाको २० वर्षे रणनीतिक विकास योजना सहितको **मिसन २१००** स्वर्णिम योजना तर्जुमा गरी संचालनमा ल्याइनेछ ।

१२३. काठमाडौं महानगरपालिकाका सवारी साधनहरु बैकल्पिक ईन्धनवाट सञ्चालन हुने गरी रुपान्तरण गर्न आवश्यक प्रवन्ध मिलाईनेछ ।

१२४. उद्यमशिलताका लागि Co–workspace सहितको Entrepreneurship, Business & Innovation Center को रुपमा एकीकृत तालिम केन्द्र सञ्चालनमा ल्याइने छ ।

१२५. Idea Bank कार्यक्रमलाई निरन्तरता दिँदै नवप्रर्वतन सोँच, Start Up उद्यमी, व्यवसायीहरुको क्षमता अभिवृद्धिका लागि Incubation Center स्थापना गर्दै लगानीकर्ताहरुसंग सहकार्यको लागि सहजीकरण गरिनेछ ।

अन्त्यमा,

काठमाडौँ महानगरपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, विकास साभ्रेदारहरु, विज्ञ सल्लाहकार समूह, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, अन्तर्राष्ट्रिय समुदाय, महानगरवासी, बुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

बालेन्द्र शाह
प्रमुख
२०८० असार ६, बुधवार
नेपाल सम्वत् ११४३, दिल्लाथ्व तृतीया